CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३०

१५ ।२ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



कोभिड - १९ रोगलाई जितेर घर फर्कदै नेपालगञ्ज - ८ की ७ वर्षिया बालिका




## वैदेशिक रोजगारी र विप्रेषण आप्रवाह



१९३,८८० नयाँ श्रम स्वीकृति
२४.२ वृद्धि दर

१७,५५३ पुन: श्रम स्वीकृति
-२.७ वृद्धि दर

३६९,४३३ वैदेशिक रोजगारीमा गएका जम्मा
९.८ वृद्धि दर



१.८ वृद्धि दर

विप्रेशण आप्रवाह रु. ५९२ अर्व

आ.व. २०७६/७७

आर्थिक वर्ष २०७५/७६ मा विप्रेषण आप्रवाह रु. ८ खर्ब ७९ अर्ब रहेकोमा आर्थिक वर्ष २०७६/७७ को आठ महिनामा रु. ५ खर्ब ९२ अर्ब प्राप्त भएको छ । अहिलेको अवस्थामा विप्रेषण आप्रवाह बढ्ने सम्भावना छैन । यसले आगामी वर्षको कुल गार्हस्थ उत्पादन लगायत विदेशी विनिमय संचितिमा पनि चाप पर्ने देखिन्छ ।

स्रोत: https://mof.gov.np/

# हल्ला र तथ्य



**संक्रमितको संख्या बढे संगै सरकारसंग भएको स्रोत सकिएकोले आईसोलेशन वार्ड लगायत क्वारेन्टाईनको उचित व्यवस्थापन गर्न नसकिएकोले संक्रमण फैलिने डर छ भन्छन त ।**

सातवटै प्रदेशमा उपयुक्त स्थानमा कम्तिमा १००० बेड क्षमताको निर्धारित मापदण्ड बमोजिमको क्वारेन्टाईन स्थल एवं संक्रमणको आँकलनको आधारमा आवश्यक बेड संख्या सहितको आईसोलेशन वार्ड तत्कालै अस्थायी संरचना निर्माण वा मौजुदा संरचनामा आवश्यक सुधार गरी व्यवस्थापन गर्नको लागि आवश्यक नक्शा, डिजाईन र अनुमानित रकम सहित माग भई आएमा नेपाल सरकारको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट रकम उपलब्ध गराउन सकिने भनेर कोष सञ्चालक समितिले निर्णय सहित सबै प्रदेश सरकारलाई जानकारी गराएको छ ।

स्रोत: https://www.opmcm.gov.np/



**हाल सञ्चालनमा रहेका उद्योगको उत्पादनले मात्र माग धान्न सकिने देखिदैन । न त कोरोनाको संक्रमण चाँडै नियन्त्रण हुने देखिन्छ । यस सम्बन्धमा सरकारको योजना के छ ?**

नियन्त्रणको सिमाभित्र रहनसक्ने थप उद्योगहरूलाई सञ्चालनको अनुमति दिईने र काममा आउने आफ्ना श्रमिकलाई समुदायमा आवतजावत गर्न प्रतिबन्ध गर्ने सर्तमा जुन जिल्लाका श्रमिक हुन, तिनिहरुलाई पहिले कोरोना परिक्षण गरी प्रशासनको निगरानीमा उद्योग व्यवसाय सञ्चालन हुने स्थानमा ल्याउने प्रबन्ध मिलाईने व्यवस्था सरकारले गर्नेछ । सम्बन्धीत उद्योगीले आफ्नो व्यवसायमा रहने श्रमिकहरुले तोकेको प्रोटोकल पालना गरेनगरेको अनुगमन आफै गरी त्यसको नियमित जानकारी सम्बन्धीत प्रशासनिक निकायमा गराउनु पर्नेछ । यसको प्रभावकारिताको आधारमा क्रमश: थप व्यवसाय सञ्चालनको प्रकृया अघि बढाउने सरकारको योजना छ ।

स्रोत: https://cutt.ly/1yDpMyr



**सरकारले विदेशमा रहेका नेपालीलाई ल्याउदैछ रे । उनिहरुलाई राख्न होटलको व्यवस्था पनि गरिसक्यो रे ।**

भारत तथा अन्य मुलुकबाट नेपाल फिर्ता हुन चाहने नेपाली (कामदार, विद्यार्थी, छोटो अवधिका लागि भ्रमणमा गएका व्यक्ति, तालिम तथा सेमिनारमा गएका कर्मचारी एवं उपचारको लागि गएका बिरामी) को आगमन व्यवस्थापन सम्बन्धी कार्य योजना उपर कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले प्रारम्भिक छलफल गरेको छ । उपयुक्त व्यवस्थापन पश्चात आफ्ना नागरिकलाई स्वदेश ल्याउने तयारी सरकारले गर्दैछ । तर अहिले नै होटलको व्यवस्था गरेको समाचारको कुनै आधिकारीकता छैन ।

स्रोत: https://www.opmcm.gov.np/wp-



**लोकसेवा आयोगको परिक्षाका लागि फारम भरेका तर परिक्षामा सामेल नभएका सबै परिक्षा कार्यक्रम रद्द भएको हो ?**

दरखास्त संकलन भईसकेका तर कुनै पनि चरणको परिक्षा कार्यक्रम सञ्चालन नभएका विज्ञापनको हकमा नेपाल सरकारबाट अर्को निर्णय भई नआएसम्मका लागि परिक्षा कार्यक्रम स्थगन गरिएको हो ।

स्रोत: http://psc.gov.np/

## सूचनाका स्रोतहरु

- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोरोना कोष सञ्चालन निर्देशिका, २०७६
- कोभिड(१९ को अवस्थाअ
- कृषि तथा पशुपंछी विकास मन्त्रालय
- नेपाल श्रम शक्ति सर्वेक्षण
- सुरक्षित हुन के गर्ने
- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१२३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ८०,१८५ संक्रमित | २४,११२ संक्रमित | ९,९७७ संक्रमित | ५०,९१४ संक्रमित | ३२,५३२ संक्रमित | ९,००९ संक्रमित | ७,६२९ संक्रमित | ११,३४४ संक्रमित |
| १३६४ नेपाली संक्रमित | ८४ नेपाली संक्रमित | ३११ नेपाली संक्रमित | ६,९११ नेपाली संक्रमित | ५०० नेपाली संक्रमित | | ५५ नेपाली संक्रमित | |
| ७ मृत्यु भएका नेपाली | १ मृत्यु भएक नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://who.sprinklr.com/
https://coronavirus.jhu.edu/
https://publications.iom.int/

ShramikSanjal

## लकडाउनलाई खुकुलो बनाउने यु.ए.ई. र साउदी अरबको तयारी

### यु.ए.ई.

- रमादान र ईद सकिएपछी अहिले केही नियमहरु परीवर्तन भएका छन् । अनलाइनबाट मात्र टिकेट लिन पाईने, हलमा ३०५ मात्र दर्शकलाई राख्न पाईने जस्ता नयाँ नियमको साथमा सिनेमा हलहरु पुन: सुचारु भएका छन्।
- अहिले कार्यालयमा ३०५ जना कामदार मात्र राख्न पाईने नियमलाई ५०५ सम्म राख्न पाईने र जुन १५ सम्ममा १००५ जना कामदार राख्न पाउने तयारी भईरहेको छ । यसैगरी सरकारी कार्यालयहरु पनि जुन १५ देखी पूर्ण रुपका सुचारु गराउने तयारी भईरहेको छ । अब बिस्तारै जनजिवन सामान्यीकरण तिर जाँदैछ ।

### साउदी अरब

१. अहिले २४ सै घण्टा लकडाउन रहेका मक्का बाहेकका प्रान्तहरुको बिचलाई मे २८ देखी मे ३० सम्म बिहान ६ बजे देखी अपरान्ह ३ बजे सम्मको लागी खुल्ला गरीने छ । तर बिभिन्न क्लब, सिनेमाहल लगायत का मनोरञ्जनात्मक क्षेत्रहरु भने बन्द नै रहने छन्।

२. मे ३१ देखी जुन २० सम्म मक्का बाहेकका क्षेत्रमा आवागम बिहान ६ बजे देखी साँझ ८ बजे सम्म खुल्ला गरीने छ भने, रेष्टुरेन्ट, क्याफेहरु खोल्न दिईने तर मनोरञ्जनका लागि सञ्चालन गरिने क्लब र सिनेमा हलहरु सञ्चालन गर्न दिईने छैन ।

३. जुन २१ भन्दा पछीको समय सबै खुल्ला गर्ने र लकडाउन भन्दा पहिले जस्तै सामान्य अवस्थामा लैजाने योजना रहेको छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्व ८ करोड**

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२० करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## स्थानीय तहमा भएको औसत बजेट निकासा, क्वारेन्टाईनको प्रयोग दर र हरेक प्रदेशमा उपचारार्थ संक्रमितको संख्या

प्रति पालिकालाई निकासा भएको बजेट | उपचारार्थ संक्रमितको संख्या | क्वारेन्टाईनको क्षमता दर




ग्राफले प्रदेश २ मा संक्रमितको संख्या र क्वारेन्टाईनमा बस्नेको दर उच्च रहेको देखाउँछ, त्यसैले स्थानीय सरकारले यसलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ । तर, बागमती, गण्डकी र सुदुरपश्चिम प्रदेशले तत्कालै त्यसमा ध्यान दिनुपर्ने देखिन्छ । तुलनात्मक रुपमा संक्रमितको संख्या कम भए पनि ति प्रदेशहरुमा क्वरेन्टाईनमा बस्नेको संख्या उच्च छ । जब त्यस क्षेत्रमा संक्रमितको संख्या बढ्नेछ, तब क्वारेन्टाईनको क्षमताले धान्न सक्ने छैन । ति प्रदेशका स्थानीय तहले उपलब्ध स्रोतको सदुपयोग गर्दै बेलैमा क्वारेन्टाईन विस्तारको बारेमा ध्यान दिन जरुरी देखिन्छ ।

यो विश्लेषण प्रदेश सरकारले सम्बन्धीत प्रदेश सरकार मातहतका स्थानीय सरकारलाई निकासा गरेको बजेटमा आधारित छ । यद्यपी, हरेक स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट पनि थप रकमको जोहो गरेकाछन् । त्यसैले पूर्ण बजेट माथि उल्लेख गरिए भन्दा फरक हुन सक्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# बाँकेको नरैनापुर गाउँपालिका

संक्रमित : ११४ जना

मृत्यु : १ जना

क्वारेन्टाईन स्थल : १४

आईसोलेशन बेड : ०

क्वारेन्टाईनमा बस्नेको संख्या : ७०० भन्दा बढि

भारतिय सिमाबाट
पालिकामाप्रवेश गर्नेको संख्या : ९११ जना




हालको तथ्यांक हेर्ने हो भने बाँकेको नरैनापुर गाउँपालिका सबै भन्दा बढि संक्रमित रहेको स्थानीय तह हो । निम्न कारणले यो पालीकालाई अहिलेको अवस्थामा सबैभन्दा जोखिम युक्त पालिका भन्न सकिन्छ:

१. दिनहु भारतिय सिमाबाट प्रवेश गर्नेको संख्या अहिले पनि बढि नै हुनु
२. जनचेतनाको अभावका कारण संक्रमित पुष्टि भईसकेपछि आईसोलेसनमा लैजान खोज्दा स्थानीयहरुबाट अवरोध हुनु
३. संक्रमित भागेर पुन: वस्तीमा जानु
४. संक्रमित राख्न प्रयाप्त आईसोलेशन बेडको व्यवस्था नहुनु
५. सरकारले तोकेको मापदण्ड अनुसारको क्वारेन्टाईनको व्यवस्था नहुनु

## जोखिम न्युनिकरण

अहिले नरैनापुर पालिकाले सहयोग माग्दै जिल्ला प्रशासन कार्यालय लगाएत निकायसँग पत्राचार गरेको छ । पालिकामै आईसोलेशन बेडको व्यवस्था नभएपछि संक्रमितहरूलाई खजुरा स्थित क्यान्सर अस्पताल, नेपालगञ्ज स्थित डेण्टल अस्पताल र कोहलपुर पिपरी स्थित कृषि तालिम केन्द्रमा राखिएको छ । संक्रमितको संख्यामा भईरहेको बढोत्तरी र स्थानीयहरुबाट भईरहेको असहयोगका कारण सो क्षेत्रलाई जेष्ठ ११ गते देखि अर्को आदेश जारी नभए सम्मका लागि निषेधित क्षेत्र घोषणा गरिएको छ । त्यसका लागि पालिकामा सेना, प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ । तर दिगो समाधानका लागि सो क्षेत्रमा जनचेतना बढाउनुका साथै क्वारेन्टाईन व्यवस्थापन र संक्रमितहरु राख्नका लागि लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई आईसोलेसन बनाउन तत्काल आवश्यक पुर्वाधारको व्यवस्था गर्न जरुरी छ ।

सही सूचना

# कोभिड - १९ बाट संक्रमितको उमेर समुहको वर्गिकरणले के भन्छ ?

## उमेर समुह अनुसार कोभिड - १९ बाट संक्रमितको संख्या




माथिको ग्राफले नेपालमा उमेर समुह अनुसार कोभिड - १९ बाट संक्रमितको वर्गिकरणलाई देखाउँछ । धेरै जसो संक्रमितहरु युवा समुहमा पर्दछन् । यो तथ्यांकलाई दुई तरिकाले हेर्न सकिन्छ । पहिलो, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरु, माथिको उमेर समुहमा पर्दछन्, जो अझै पनि उच्च जोखिममा छन् । आउने दिनमा ठुलो संख्यामा उनिहरु नेपाल फर्किनेछन् । यसरी हेर्दा उनिहरु फर्किसकेपछि सरकारले त्यसको कसरी व्यवस्थापन गर्छ र समाजमा पुनर्स्थापित गर्छ भन्ने कुरामा यस पछिको संक्रमणको अवस्था निर्भर रहने छ । दोस्रो, समुदाय स्तरमा संक्रमणको फैलावट युवा र बृद्धावस्थाको उमेर समुहमा बढि रहेको तथ्यांकले देखाउँछ । हामीले संक्रमणलाई समुदायस्तरमा फैलिनबाट जोगाउन प्रभावकारी रुपमा कन्ट्याक्ट ट्रेसिङ, चाँडो र प्रभावकारी परिक्षण संगै स्वास्थ्य सेवा प्रणालीमा जोड दिन आवश्यक छ ।

स्रोत: HEOC, MoHP, SitRep

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219